# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

## खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७३।११।०३ गते

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) मा रिक्त रहेका देहाय बमोजिमका पदहरु खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म) नेप्सेबाट निर्धारित दरखास्त फाराम भरी नेप्से पदपूर्ति समितिको सचिवालय (प्रशासन शाखा) मा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कार्वाही गरिने छैन । दरखास्त फाराम, विज्ञापन र पाठ्यक्रम नेप्सेको वेबसाइट www.nepalstock.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

**क) आन्तरिक प्रतियोगिता तर्फः**

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| ५/०७५-७६ | उप प्रबन्धक | ९ | २ (दुई) | सम्बन्धित तहको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता प्राप्त गरेको र एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष सेवा गरेको । |
| ६/०७५-७६ | सहायक प्रबन्धक | ८ | २ (दुई) | |
| ७/०७५-७६ | सहायक आईटी प्रबन्धक | ८ | १ (एक) | |
| ८/०७५-७६ | वरिष्ठ अधिकृत | ७ | २ (दुई) | |

**ख) खुला प्रतियोगिता तर्फः**

| विज्ञापन नं. | पद | तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| ९/०७५-७६ | उप प्रबन्धक (प्र.) | ९ | खुला/खुला | १ (एक) |
| १०/०७५-७६ | बरिष्ठ अधिकृत (प्र.) | ७ | खुला/खुला | १ (एक) |
| ११/०७५-७६ | बरिष्ठ अधिकृत (प्र.) | ७ | खुला/आ.ज. | १ (एक) |

१. **दरखास्त दिने स्थान :** नेपाल स्टक एक्सचेञ्ज, पदपूर्ति समितिको सचिवालय, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

२. **दरखास्त बुझाउने समय :** विहान ११:०० बजे देखि अपरान्ह ४:०० बजेसम्म ।

३. **दरखास्त दस्तुर :** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| नवौं | रु.२,५००।- (दुई हजार पाँच सय) | रु.२०० (दुई सय) |
| आठौं | रु.२,५००।- (दुई हजार पाँच सय) | रु.२०० (दुई सय) |
| सातौं | रु.२,०००।- (दुई हजार) | रु.२०० (दुई सय) |

परीक्षा दस्तुर **नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को ग्लोबल आइएमई बैंक लि.मा रहेको खाता नं.७५०१०१००००७७५** मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त फारामका साथ संलग्न गर्नुपर्नेछ ।

४. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । सेवाको तह आठ वा सो भन्दा माथिका पदहरुमा खुला प्रतियोगिताद्वारा हुने विज्ञापनमा चालीस बर्ष ननाघेका नेपाली नागरिकहरु उम्मेदवार हुन सक्नेछन् ।

**५ आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

(क) प्रशासन समूह तर्फको अधिकृतस्तरको पदको लागि नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी विषयको कोर्ष पुरा गरेको ।

(ख) प्राविधिक समूह तर्फको अधिकृतस्तरको पदको लागि सुचना प्रविधि, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर एप्लिकेशन वा सम्बन्धित बिषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

(ग) आन्तरिक प्रतियोगिताको प्रशासन समूहका लागि एक तह मुनी कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको र सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको ।

(घ) आन्तरिक प्रतियोगिताको प्राविधिक समुह तर्फको आठौं तहको पदको लागि एक तह मुनी कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको र सुचना प्रविधि, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर एप्लिकेशन वा सम्बन्धित बिषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको ।

६. **कार्य अनुभव :** तह नौ मा खुला प्रतियोगितामा सहभागी हुने उम्मेदवारले सरकारी सेवा, निजामती सेवा, विश्वविद्यालय, सामुदायिक विद्यालय वा नेपाल सरकारको पचास प्रतिशत वा सो भन्दा बढी सेयर वा जायजेथामा स्वामित्व वा नियन्त्रण भएको कम्पनी, समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्था नेप्से, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य संगठित संस्था वा नेप्सेमा सुचीकृत कम्पनीमा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष अविच्छिन्न सेवा गरेको हुनु पर्नेछ ।

७. **परीक्षाको किसिम :** प्रयोगात्मक, लिखित र अन्तर्वार्ता । प्रशासनतर्फ लिखित र अन्तर्वार्ता मात्र ।

८. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजात :** निम्न लिखित कागजात उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(ग) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारको हकमा समकक्षताको प्रमाणित प्रतिलिपि ।

(घ) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।

(ङ) आन्तरिक प्रतियोगिताको लागि हालको पदमा नियुक्ति भएको प्रमाणको प्रतिलिपि समेत ।

(च) अनुभव आवश्यक पर्ने पदहरुकालागि दरखास्त फारममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

९) **खुला प्रतियोगिताको परीक्षणकाल :** एक वर्ष, महिलाको हकमा ६ महिना ।

१०) **तलब र सुविधा :** नेप्सेको नियम अनुसार ।

११) दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा त्यस्तो विदा पछि कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

**१२)** खुला तथा आन्तरिक प्रतियोगिताको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

१३) लिखित परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१४) विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१५) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले आदिवासी/जनजाति भएमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट, दलित भएमा राष्ट्रिय दलित आयोगबाट, अपांग भएमा समाज कल्याण परिषदबाट, मधेशी भएमा स्थानीय निकायका प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट, पिछडिएको क्षेत्रको भएमा सम्बन्धित जिल्लाको नागरिकताको प्रमाणपत्रको साथमा सम्बन्धित स्थानीय निकायवाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१६) एउटा पदका लागि खुला र समावेशीतर्फ विभिन्न समूहमा आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नुपर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेश पत्रमा खुला र समावेशी समूह मध्ये जुन जुन समूहका परीक्षामा सामेल हुने हो सो अनुसार चिन्ह लगाउनु पर्नेछ ।

१७) खुलातर्फ अनुभव आवश्यक पर्ने पदका लागि देहाय अनुसार हुनेछ ।

(क) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ख) नियुक्तिपत्र वा करारनामामा नै आंशिक (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(ग) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(घ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ङ) जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृत स्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(च) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(छ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।